**मिति २०७५ चैत्र २४ गते बसेको कार्यपालिका बैठकमा पेश भएका एजेण्डाहरु**

१. आन्तरिक राजश्वको प्रक्षपण सम्बन्धमा ।

२. अख्तियारनामा सम्बन्धमा ।

३. घ वर्गको इजाजत पत्र सम्बन्धमा ।

४. सामाजिक कल्याण र सहायता संगठनको बस्ती छनौट सम्बन्धमा ।

५. अनुमोदन सम्बन्धमा ।

## निर्णय नं. १

मिति २०७५/११/२९ गते बसेको राजश्व परामर्श समितिबाट गोदावरी नगरपालिकाको आ.व. ०७६/७७ का लागि आन्तरिक राजश्व तर्फको अनुमानित आय विवरण कार्यपालिकामा सिफारिस भएको हुँदा सामान्य संसोधन सहित देहाय बमोजिमको अनुमानित विवरण स्वीकृत गरि आगामी नगर परिषदमा सिफारिस गर्ने निर्णय गरियो ।

| राजश्व संकेत नं. | आन्तरीक स्रोत | आ.व.०७५/७६ को अनूमान रु. | ०७५ फाल्गूण सम्म संकलित रु. | आ.व.०७६/७७ को अनूमान रु. |
|---|---|---|---|---|
| ११३१३ | एकिकृत सम्पत्ती कर | १३,०००,०००।०० | १२,३२६,४७८।०० | १४,०००,०००।०० |
| ११३१४ | भूमीकर/मालपोत | ३५,०००।०० | ८६,८१८।०० | १५,०००।०० |
| ११३२१ | घर जग्गा बहाल कर | ५००,०००।०० | ९५७,९७४।०० | १,०००,०००।०० |
| ११३१२ | बहाल बिटौरी शुल्क | १,०००,०००।०० | ( | १,०००,०००।०० |
| ११४५१ | सवारी साधन कर | १०,०००।०० | ( | १०,०००।०० |
| ११४७२ | बिज्ञापन कर | ५००,०००।०० | ८२५,००५।०० | ५१०,०००।०० |
| ११६१३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १,६१५,०००।०० | २,०८०,२३०।०० | १,७००,०००।०० |
| ११६१४ | रेडियो/एफ.एम. संचालन दस्तुर | ( | ( | १,५००।०० |
| ११६३१, ३२ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवार तथा ओखेटोपहार कर | ५००,०००।०० | १५३,३००।०० | ३५०,०००।०० |
| ११६९१ | अन्य कर | ५५०,०००।०० | १,०००,०६५।०० | ६००,०००।०० |
| १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ८५०,०००।० | ३३८,०५४।०० | ८५०,०००।०० |
| १४२१२ | सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त रकम | | ( | १५,०००।० |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ४०,०००,०००।०० | ३५,७४५,०००।०० | ७०,०००,०००।०० |
| १४२२९ | अन्य प्रशासनीक सेवा शुल्क | १,३४०,०००।०० | ९३८,८६१।०० | १,४००,०००।०० |
| १४२४१ | पार्किङ्ग शुल्क | ६,०००,०००।०० | ६,२२२,२२२।०० | ७,०००,०००।०० |
| १४२४२ | नक्सापास दस्तुर | २,५००,०००।०० | १,३८१,५८०।०० | १,८००,०००।०० |
| १२२४३ | सिफारिश दस्तुर | १,८००,०००।०० | १,२८२,६६४।०० | १,८००,०००।०० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ३००,०००।०० | १०६,७८०।०० | १५०,०००।०० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ६०,०००।०० | ७४,७०४।०० | ७५,०००।०० |
| १४२४९ | अन्य दस्तुर | २,७५०,०००।०० | १,४५०,९०८।०० | २,०००,०००।०० |
| १४३१२ | प्रशासनीक दण्ड, जरिवाना र जफत | ५०,०००।०० | ३२,८००।०० | ५०,०००।०० |
| १४१७७ | घरजग्गा रजिष्ट्रेशन (मा.पो.कार्यालय) | ८,३००,०००।०० | ( | २५,०००,०००।०० |
| १४५२९ | अन्य राजश्व | १,०००,०००।०० | ३८,९५७।०० | ५००,०००।०० |
| | जम्मा | ८२,६६०,०००।०० | ६५,०४२,४००।०० | १२९,८२६,५००।०० |

## निर्णय नं. २

संघीय सरकारबाट गोदावरी नगरपालिकाको १२ वटै वडा कार्यालयको लागी सामान्य प्रशासन समूहका वडा सचिव र ईन्जिनियरिङ्ग समूहका प्राविधिकको लागी १२/१२ जनाको दरवन्दी स्वीकृत गरि पठाईएकोमा सामान्य प्रशासन र ईन्जिनियरिङ्ग समूह तर्फको दरवन्दीमा ५ वटा वडाहरुमा ५ जना सहायक स्तर पाँचौ तहको र ७ वटा वडाहरुका ७ जना सहायक स्तर चौथो तहको वडा सचिव र प्राविधिकको दरवन्दी रहेकोमा यस

नगरपालिकामा बढी जनसंख्या र जनघनत्वलाई आधार मानी १, २, ३, ४ र ८ नं. वडाहरुका सहायक स्तर पाँचौ तहको वडा सचिव र सोही तहको प्राविधिकको दरवन्दी राखी समायोजन भई आएका कर्मचारी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस गोदावरी नगरपालिकामा “घ” वर्गको निर्माण व्यवसायी ईजाजत पाँउ भनी पर्न आएका निवेदन उपर जाँचबुझ समितिमा छलफल भई सिफारिस भई आएका तपसिल बमोजिमका मापदण्ड पुरा गरेका निर्माण ब्यवसायीहरुलाई “घ” वर्ग निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधी, २०७४ (पहिलो संसोधन) को दफा ४ को उपदफा (४) बमोजिम “घ” वर्गको ईजाजत प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं. | फमको नाम | प्रोप्राईटरको नाम | ठेगाना |
|---|---|---|---|
| १ | कर्णाली निर्माण सेवा | श्री महाविर बहादुर वि.क. | गोदावरी न.पा. वडा नं. १ |
| २ | एम.वी. कन्स्ट्रक्सन | श्री राजेश कुमार बडैला | गोदावरी न.पा., वडा नं. १२ |
| ३ | शाही ब्रदर्श एण्ड विल्डर्स प्रा.ली. | श्री मोहित शाही | गोदावरी न.पा., वडा नं. ७ |
| ४ | कञ्चन कन्स्ट्रक्सन | श्री धर्म सिं कुँवर | गोदावरी न.पा., वडा नं. २ |
| ५ | किमडेश्वरी निर्माण सेवा | श्री तेज बहादुर खड्का | गोदावरी न.पा., वडा नं. ७ |
| ६ | स्वर्णीम कन्स्ट्रक्सन | श्री निरज कार्की | गोदावरी न.पा., वडा नं. २ |

**निर्णय नं. ४**

घरेलु तथा साना उद्योग कार्यालय, कैलालीको आ.व. ०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार गरिवी निवारणका लागी यस गोदावरी नगरपालिकामा सामाजिक कल्याण र सहायता संगठन नेपाल कैलाली मार्फत लघु विकास कार्यक्रम (मेडपा) का लागी ३० जना नयाँ उद्यमी सृजना र ३६ जना पुराना उद्यमीहरुको स्तरोन्नती गर्ने कार्यक्रम रहेको हुँदा पुराना उद्यमीहरुको सन्दर्भमा साविककै पुराना उद्यमीहरु र नयाँ उद्यमीहरुका लागी गोदावरी नगरपालिकाको वडा नं. ८ को बादी समुदाय र दलित बस्ती तथा वडा नं. ९ को राजीफाँटाको बस्ती छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

गोदावरी नगरपालिका वडा नं. ११ बस्ने श्री अनिता देवी सुनारले मेरो श्रीमानको बाढीका कारणले मृत्यु भई आर्थिक अवस्था दयनिय भएको हुँदा घर निर्माणका लागी सामग्री सहयोग गरि पाउँ भनी निवेदन प्राप्त भएकोले कार्यालयबाट उपलब्ध गराईएको २० पिस जस्तापाता र ५ वटा जि.आई. पाईपलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

गोदावरी नगरपालिकाको नगर विपद व्यवस्थापन समितिको निर्णयानुसार गोदावरी नगरपालिकाका सबै वडाहरुमा विपत जोखिम न्यूनिकरणका लागी आवश्यक विपत व्यवस्थापन सम्बन्धी सामग्री खरिद गरि उपलब्ध गराउन कार्यालयबाट सामग्रीहरु खरिद भई सकेको हुँदा अनुमोदन गर्ने निर्णय गरियो । साथै खरिद भएका सामग्रीहरु तुरुन्त वडामा वितरण गर्ने निर्णय समेत गरियो ।